# वार्षिक प्रगति समीक्षा प्रतिवेदन (आर्थिक वर्ष २०७२/०७३) सारांश
## (मितिः-२०७३ श्रावण २५,र २६ गते) जि.वि.स.समिक्षाहल, तनहुँ

जिल्ला विकास समिति तनहुँको आर्थिक वर्ष २०७२।०७३ को वार्षिक प्रगति समीक्षा गोष्ठी मिति २०७३ श्रावण २५ गते शुरु भई २०७३ श्रावण २६ गते सम्पन्न भएको थियो । जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री वद्रिप्रसाद तिवारी ज्यूको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी श्री दिपक सुवेदीको ज्यूको प्रमुख आतित्यथामा आयोजित उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विषयगत कार्यालका प्रमुखहरु, संघ-संस्थाका प्रमुखहरु, नागरिक समाजका प्रतिनिधिहरु, सञ्चार कर्मिहरु लगायत १५५ जनाको उपस्थिति रहेको थियो । गोष्ठीमा जिल्ला विकास समितिको कार्यालय लगायत विभिन्न विषयगत कार्यालयहरु र अन्य सरकारी तथा गैरसरकारी संघ-संस्थाहरु गरी जम्मा ३० वटा कार्यालय तथा संघ-संस्थाहरुले आर्थिक वर्ष २०७२।०७३ मा सम्पादन गरेका योजना, कार्यक्रम तथा बजेट सम्वन्धी प्रगति र प्रतिफलको वारेमा प्रस्तुतीकरण गरीएको थिए । हरेक विषयगत समितिको प्रस्तुतीकरण पछि उपस्थित सहभागीहरुले आ-आफ्नो जिज्ञासा, सल्लाह, सुझाव, एवं प्रतिक्रियाहरु प्रस्तुत गरेका थिए ।

प्रस्तुतीका क्रममा जिल्ला पशु सेवा कार्यालय, सहकारी डिभिजन कार्यालय, घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, जिल्ला कृषि विकास कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, शैक्षिक तालिम केन्द्र, जिल्ला विकास समितिको कार्यालय, विद्युत प्राधिकरण, पश्चिमाञ्चल सडक डिभिजन कार्यालय नं.१, पश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन कार्यालय नं. ३, जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय, महिला तथा वालवालिका कार्यालय, जलउत्पन्न प्रकोप तथा नदी नियन्त्रण कार्यालय पोखरा, शुक्लागण्डकी नगरपालिका कार्यालय, कोपीला नेपाल, मष्तिष्क पक्षघात, छिम्केश्वरी मेलमिलाप समाज, गै.स.स.समन्वय समिति, ग्रामिण सशक्तिकरण, सहयोगी हातहरुको समुह महिला शक्ति विकास समाज केन्द्र रिसेड, तनहुँ सहयोगी समुह,नेपाल, सेतो गुँरास वाल विकास केन्द्र लगायत गैर सरकारी संघ/संस्थाहरुले आ-आफ्ना कार्यक्रमहरु प्रस्तुत गरेका थिए ।

प्रस्तुतिकरणको क्रममा **आर्थिक विकास समिति** अन्तरगत जिल्ला कृषि विकास कार्यालय तनहुँ, पशुसेवा कार्यालय तनहुँ सहकारी डिभिजन कार्यालय तनहु,घरेलु तथा साना उद्योग विकास समित तनहु कृषि सामाग्री कम्पनी लि. तनहुँले आ-आफ्नो कार्यालयको वार्षिक प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुतीकरण पश्चायत सहभागीहरले जिज्ञासा राख्ने क्रममा यस जिल्ला कृषि क्षेत्रमा झण्डै ९५ प्रतिशत जमिन ओगटेको जिल्ला कृषिक्षेत्रमा सन्तोषजनक रुपमा प्रगती हासिल गर्न सकेको छैन । अधिकांस जमिनहरु वाझो रहनुको साथै भवन आचर संहिता विपरित घर निर्माण गर्ने प्रचलन वढदो रुपमा रहेकोले उर्वर तथा खेती योग्य भुमिहरु नष्ट हुदै जानुले निकट भविश्यमा खाद्य संकट उत्पन्न हुन सक्ने भएकोले समयमा नै सवैको ध्यान जानु पर्ने देखिन्छ । साथै यस जिल्ला कृषि र पशुपालन क्षेत्रको दृष्टिकोणले महत्वपूर्ण जिल्ला भएतापनि सन्तोषजनक प्रगति हुन सकेको छैन । नेपाली कांग्रेसका उपसभापती श्री ताराराज रानाले आ.व.०७२।०७३ को जिल्ला परिषदवाट कृषि,पशुपालन र फलफूल खेतीको विस्तारको लागि धरमपानी गा.वि.स.लाई वाख्रापालन,छाङ्ग गा.वि.स.लाई सुन्तला खेती र अरुणोदय गा.वि.स मा अदुवा खेतीको रुपमा .पकेट क्षेत्रको विस्तार गरी एक गाँउ एक उत्पादनको नीति लिएको थियो सो अनुसार कार्यक्रम कार्यन्वयन भएको पाईएन ।त्यस तर्फ सरोकारवाला सवैको ध्यान दिनु पर्ने धारण राख्नु भएको थियो । साथै ने.क.पा.माआवादी केन्द्रका प्रतिनिधि श्री अतिन्द्र केशरी न्यौपानेले यस जिल्लामा लेकाली आलु उत्पादन हुने प्रवल सम्भावना रहेको साथै सुन्तला खेतीमा लाग्ने रोग पहुच भन्दा वाहिर गएको हुँदा वाह्रय प्राविधिक ल्याई रोग नियन्त्रण तर्फ जिल्ला कृषि विकास कार्यालयको

ध्यान जानु पर्ने धारण राख्नु भएको तियो । साथै वंगूर तथा कुखरापालन व्यवसाय जताभावी रुपमा सञ्चालन भएकाले निश्चित मापडण्ड र उचित स्थानको पहिचान गरी संचालन र विक्रि वितरणको राम्रो वजार व्यवस्था मिलाउन जिल्ला पशु सेवा कार्यालयलाई सुझाव दिनु भएको थियो ।

प्रस्तुतीकरणको क्रममा **भौतिक पूर्वाधार समिति** अर्न्तगत जिल्ला विकास समितको कार्यालय, , खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं १, नेपाल रेडक्रस सोसाईटी, पश्चिमाञ्चल सिंचाई विकास सव डिभिजन नं ३ नेपाल विद्युत प्राधिकरण,जल उत्पन्न प्रकोप नियन्त्रण सव डिभिजन कार्यालय नं.२ कास्की पोखरा, शुक्लगण्डकी नगरपालिका कार्यालय लगायतका कार्यालयहरुले आआफ्नो कार्यालयको वार्षिक प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुतीकरण पश्चायत सहभागीहरले जिज्ञासा राख्ने क्रममा डिभिजन सडक कार्यालयवाट कार्य अत्यन्त ढिला सुस्ती हुने गरेको,जिल्ला परिषदवाट स्विकृत भएका कार्यक्रम भन्दा भिन्दै किसिमवाट योजनाहरु स्विकृत भै आउने गरेकाले यस्तो प्रवृतीलाई सञ्चाउनु पर्ने धारण राख्नु भएको थियो । जिल्लाका दक्षिणी क्षेत्रमा रहेका ठूला फाँटहरु जस्तै कालिकाटार, पिपलटार, गडौलीटार, रुपाटार उर्वर भूमि भएतापनि सिंचाईको राम्रो प्रवन्ध हुन नसक्दा कृषिजन्य वस्तुहरुको उत्पादनमा ह्रास हुन गएको हुँदा सो क्षेत्रमा विशेष ध्यान दिनुपर्ने । खानेपानी उपभोक्ता महासंघ तनहुँका अध्यक्ष श्री रामचन्द्र उपाध्याले तनहुँ जिल्लाको झण्डैं १ नगरपालिका र १२ वटा गा.वि.स.हरु को विद्युतिकरणको कार्य गगनगौडा उपशाखाले हेरिरहेको हुँदा सो क्षेत्रलाई पनि तनहुँ जिल्लाबाटै हेर्नुपर्ने, उक्त क्षेत्रमा विद्युत भोल्टेजको कमीले गर्दा दैनिक १५।२० घण्टाका दरले लोडसेडिङ हुने गरेको यर्थात छ । सो सम्वन्धमा सम्वधित निकायको समयमानै ध्यान जानु पर्ने, साथै विद्युत प्राधिकरण गगनगौडा शाखालाई समिक्षा वैठकमा अनिवार्य उपस्थित गराउनु पर्ने,अपर सेती जलविद्युत परियोजना सम्वन्धमा के भएको छ ? सो जलविद्युत परियोजनाको हाल सम्म भएको कार्य प्रगती सम्वन्धमा जनताले जानकारी पाउनु पर्छकी पर्दैन ? त्यसको जानकारी कस्ले दिने हो ? साथै गजरकोट गा.वि.स र कोटा गा.वि.स..मा २०औ करौडको लागतमा अत्रौली पुट्टार सिचाइ र कालिका सिंचाई ायोजना संचालन भैरहेको छ , त्यस क्षेत्रका जनताहरुलाई सो परियोजना सम्वन्धमा समयमा नै जानकारीको लागी सार्वजनिक कार्यक्रम राख्न पश्चिमाञ्चल सिंचाई सव डिभिजन कार्यालय नं.३ तनहुँ समक्ष सुभाव राख्नु भएको थियो । दुलेगौडाको वेलचौतरामा जि.पी कोईराला मेमोरियल अस्पताल स्थापना गरी काठमाडलौमा वसी कर्मचारीहरुले तलव भत्ता लिने गरेका छन ।सो सम्वन्धमा सवैको ध्यान जानु पर्ने धारण राख्नु भएको थियो । तनहुँ जिल्लाको भिमाद गा.वि.स.मा स्थानीय सिप र प्रविधिवाट निर्माण भएको साङ्गलेपुल हाल जिर्ण अवस्थामा रहेको छ उक्त पुलको संरक्षण गरी विश्व सम्पदा सूचिमा समावेश गराउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्ने धारण राखीएको थियो । जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय पोखरावाट निर्माण हुने कार्यमा ४ कुने ग्यावियन जाली प्रयोग भएको पाईयो सो को सट्टा ६ कुने ग्यावियन जाली प्रयोग गर्न सम्वन्धित निकायलाई सुझाव दिईएको थियो ।

प्रस्तुतीकरणको क्रममा **सामाजिक विकास समिति** अन्तर्गत जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, महिला तथा बालबालिका कार्यालय, होस्टे हैंसे बाल विकास समाज, नाम्लो नेपाल, रिसेड, इन्सेक, ग्रामीण सशक्तिकरण समाज, गैरसरकारी संस्था समन्वय समिति, महिला शक्ति विकास केन्द्र नेपाल, सहयोगी हातहरुको समूह (सहास) नेपाल, छिम्केश्वरी मेलमिलाप किसान (छिमेकी) कोपिला नेपाल, पूर्वाधार विकास समिति अन्तर्गत स्थानीय विकास कोष, तनहुँ सहयोगी समूह, नौलो घुम्ती, मस्तिष्क पक्षघात स्वावलम्वन समूह, सेतो गुराँस बालविकास केन्द्र जिल्ला एड्स समन्वयन समिति नेपाल, लगायत कार्यालय तथा संघसंस्थाले वार्षिक प्रगती प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुतीकरण पछि सहभागीहरुले जिज्ञासा राख्ने क्रममा शिक्षा क्षेत्रमा बढी लगानी भएतापनि त्यसको प्रतिफल कमी आउने गरेको हुँदा सो तर्फ सबैको ध्यान जानुपर्ने, गैह सरकारी संघ संस्थाद्धारा गरिएका कार्यमा बजेट प्रसस्त खर्च हुने तर सो को पारदर्शी नहुने गरेकोले सम्वन्धित पक्षले सुधार गर्नुपर्ने गुनासो राखिएको थियो ।

**वन तथा वातावरण समिति** अन्तर्गत जिल्ला वन कार्यालय, जिल्ला भू-संरक्षण कार्यालय, लगायतका कार्यालयहरुले आ-आफ्नो वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुतकरण पछि सहभागिहरुले जिज्ञासा राख्ने क्रममा जिल्ला भू-संरक्षण कार्यालयले भू-क्षय प्रभावित क्षेत्रको पहिचान गरी प्रभावकारी रुपमा कार्य अगाडि बढाउनु पर्ने, जिल्ला वन कार्यालयबाट जिल्लामा रहेका सामुदायिक वनहरुमा अम्रीसो बाँस, दालचिनी तथा जडिवुटीको रुपमा प्रयोग गर्न सकिने रिट्ठा जातका विरुवाहरुलाई अगाडि बढाउनु पर्ने धारणा रखिएको थियो ।

प्रस्तुतीकरणको समयमा प्रष्ट नभएका कतिपय विषयहरुमा सहभागीहरुको जिज्ञासालाई सम्बन्धित कार्यालयका जिम्मेवार पदाधिकारीहरुबाट प्रष्ट पारिएको थियो । सहभागीहरुबाट जिल्लास्थित सम्पूर्ण कार्यालयहरुले आगामी दिनमा अझ प्रभावकारी रुपमा आमनागरिकको मर्म र भावनालाई सम्बोधन गर्ने गरी पारदर्शी र जवाफदेहीताका साथ कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने सुझावहरु दिनुका साथै गाउँ तथा जिल्ला परिषदबाट पारित भई आएका योजनाहरुलाई प्राथमिकताका साथ छनौट गरिनुपर्ने विषयमा ध्यान केन्द्रित गराउनु भएको थियो । प्रस्तुतीकरण र अन्तरक्रियापछि आयोजित समापन कार्यक्रममा सवै राजनीतिक दलका उपस्थित प्रतिनिधीहरुले आ-आफ्नो तर्फवाट सुझाव राख्दै विगतका गल्ती कमजोरीवाट सिक्दै भविष्यमा पुनः दोहोरिन नदिन सवै सचेत हुनुपर्ने, आम्दानी खर्चलाई पारदर्शी वनाउनुपर्ने, राजनैतिक सहमतीमा योजना तथा कार्यक्रम छनौट गर्नुपर्ने, जनताको सेवा र कार्यलाई कर्मचारीले विशेष प्राथमिकताका साथ सम्पादन गर्नुपर्ने, सरकारी श्रोत साधनको अपचलन हुन नदिने, योजनाहरुको मर्मत सम्भारलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने, जस्ता विषयहरुमा सवैको ध्यानाकर्षण गराइएको थियो । उक्त २ दिने कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष एवं स्थानीय विकास अधिकारी श्री वद्रिप्रसाद तिवारी ज्यूवाट सहभागीहरुलाई धन्यवाद दिंदै उपयुक्त सुझावहरुलाई अनुशरण गरिंदै लगिने प्रतिवद्धताका साथ कार्यक्रम समापन गर्नुभएको थियो ।